ओर्सोल्या श्जेकेली
जवाफदेहिता संयन्त्र सचिव
विश्व बैंक

२० अप्रील, २०२३
**केस नं २१/०४/डीआरएस**

# विवाद समाधान सम्झौताको सूचना

**नेपाल** : नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजना र यसका लागि थप आर्थिक स्रोत (IDA-H6600, IDA-49020, IDA-H8580 and IDA-52630)

१. नेपालमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजना (NIETTP, P115767) र यसका लागि थप आर्थिक स्रोत (P132631)को निरिक्षणका लागि प्राप्त निवेदनको प्रतिक्रिया स्वरूप विश्व बैंकको बोर्ड अफ डाइरेक्टर्स्ले इन्स्पेक्सन प्यानलको सिफारिसमा यस आयोजनाको अनुसन्धानलाई ३ मार्च, २०२२मा अनुमोदन गरेको थियो ।

२. प्रस्तावना नं IBRD 2020-0005/प्रस्तावना नं IDA 2020-0004 (जवाफदेहिता संयन्त्र प्रस्तावना)को अनुच्छेद ११(क) र प्रस्तावना नं IBRD 2020-0004/प्रस्तावना नं IDA 2020-0003 (प्यानल प्रस्तावना)को अनुच्छेद ३० अनुसार, विवाद समाधानको अवसर प्रस्ताव गर्दै ६ मार्च, २०२२मा मैले यस केसका पक्षहरूलाई पत्र लेखेको थिएँ । १२ अप्रील २०२२ मा मैले कार्यकारी निर्देशकहरू, इन्स्पेक्सन प्यानल र बैंक व्यवस्थापनलाई जानकारी गराएँ कि जवाफदेहिता संयन्त्र प्रस्तावनाको अनुच्छेद ११(ख) र प्यानल प्रस्तावनाको अनुच्छेद ३१ अनुसार, पक्षहरू स्वेच्छिक रूपमा विवाद समाधानमा जान चाहेका छन् ।

३. हस्ताक्षर भएको विवाद समाधान सम्झौता सहित ११ अप्रील २०२३ मा विवाद समाधान प्रक्रियाको समापन भयो । आफ्नो विवादको पूर्ण एवं अन्तिम समाधानका लागि उक्त सम्झौतामा पुगेको कुरा हस्ताक्षरकर्ताहरूले व्यक्त गरेका छन् । हस्ताक्षरकर्ताहरूले सम्झौताको विवरणहरू गोप्य राख्ने सहमति गरेका छन् ।

४. जवाफदेहिता संयन्त्र प्रस्तावनाको अनुच्छेद १२(ज)को प्रावधान अनुसार, विवाद समाधान प्रक्रियाको अन्त्यमा, विवाद समाधान सेवाले जवाफदेहिता संयन्त्र सचिव मार्फत् कार्यकारी निर्देशकहरूलाई परिणामबारे जानकारी गराउनका लागि एक प्रतिवेदन तयार पार्छ । म यस सूचनाको अनुसूचीका रुपमा संलग्न गरिएको उक्त प्रतिवेदनलाई यसैमार्फत्, कार्यकारी निर्देशकहरू, इन्स्पेक्सन प्यानल र बैंक व्यवस्थापनलाई जारी गर्दैछु ।

५. यस पहिलोपटक समापन गरिएको विवाद समाधान प्रक्रियाबाट भएका सिकाइहरूबारे विवाद समाधान सेवाभित्र विस्तृत छलफल गरिनेछ । जवाफदेहिता र संस्थागत सिकाइ विवाद समाधान प्रक्रियाका महत्वपूर्ण भाग हुन्, र भविष्यमा तपाईंहरूसँग सूचना आदानप्रदानका अवसरहरूलाई पनि हामी उपयोग गर्नेछौं ।

६. म पक्षहरूको प्रतिबद्धतापूर्ण कार्य र एक ऐतिहासिक सम्झौतामा पुग्नु भएकोमा उहाँहरूलाई बधाई दिन चाहन्छु, जुन जवाफदेहिता संयन्त्रको नयाँ विवाद समाधान सेवाद्वारा मेलमिलाप गराइएको यस प्रकारको पहिलो सम्झौता हो । म सम्पूर्ण टोलीलाई निकै लगनशीलताका साथ यस नयाँ मार्ग कोर्न सफल भएकोमा र बैंक व्यवस्थापनलाई पर्यवेक्षकका रूपमा यस प्रक्रियामा खेलेको भूमिकाका लागि धन्यवाद दिन चाहन्छु । जवाफदेहिता संयन्त्र र यसको विवाद समाधान सेवा विकासका लागि बोर्डबाट प्राप्त निरन्तर सहयोगको पनि म उच्च सराहना गर्छु ।

भवदीय,

कार्यकारी निर्देशकहरू र वैकल्पिकहरू
इन्टरनेसनल डेभलपमेन्ट एसोसिएसन

श्री रामानी कुननायगाम्, अध्यक्ष
विश्व बैंक इन्स्पेक्सन प्यानल

श्री डेभिड मालपास्, अध्यक्ष
इन्टरनेसनल डेभलपमेन्ट एसोसिएसन

# अनुसूची : परिणामको प्रतिवेदन

# विवाद समाधान सेवा

## परिणामको प्रतिवेदन : केस नं 21/04/DRS

नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजना र यसका लागि थप आर्थिक स्रोत (IDA-H6600, IDA-49020, IDA-H8580 and IDA-52630)

जवाफदेहिता संयन्त्र प्रस्तावनाको अनुच्छेद १२(ज) र विवाद समाधान सेवा (डीआरएस) अन्तरिम कार्यसञ्चालन विधिको अनुच्छेद १३ अनुरूप जावफदेहिता संयन्त्रका सचिवले जारी गर्ने गरी विवाद समाधान सेवा (डिआरएस)ले तयार पारेको यस प्रतिवेदनले कार्यकारी निर्देशकहरू, प्यानल र बैंक व्यवस्थापनलाई माथि उल्लेखित केसमा विवाद समाधान प्रक्रिया समापनका लागि अवलम्बन भएका मुख्य चरण, परिणाम र औचित्यहरूबारे जानकारी गराउँछ।

### १. प्रक्रियागत पृष्ठभूमि

नेपालमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाका निरिक्षणका लागि प्राप्त निवेदनको प्रतिक्रिया स्वरूप विश्व बैंकको बोर्ड अफ डाइरेक्टर्स्ले इन्स्पेक्सन प्यानलको सिफारिसमा (प्रतिवेदन तथा सिफरिस) यस आयोजनाको अनुसन्धानलाई ३ मार्च, २०२२मा अनुमोदन गरेको थियो । जवाफदेहिता संयन्त्र प्रस्तावनाको अनुच्छेद ११(क) र प्यानल प्रस्तावनाको अनुच्छेद ३० अनुसार, जवाफदेहिता संयन्त्रका सचिवले ६ मार्च २०२२मा यस केसका ऋणी र निवेदकहरू (पक्षहरू)लाई विवाद समाधानको अवसर प्रस्ताव गरेका थिए । यसका लागि एक लिखित प्रस्ताव पठाइसकेपछि, पक्षहरू, उनीहरूका प्रतिनिधि तथा सल्लाहकारलाई प्रत्यक्ष भेटेर विवाद समाधानको विकल्प (विवाद समाधान निर्णयको चरण) बारे बताउनका लागि, जवाफदेहिता संयन्त्रका सचिवको नेतृत्वमा एक टोली नेपाल गएको थियो । यो अवसर प्रदान गर्नाले पक्षहरूले आवश्यक प्रश्नहरू सोध्ने र विवाद समाधान सेवाद्वारा सहजीकरण गरिने विवाद समाधान प्रक्रियामा प्रवेश गर्ने कि नगर्ने भन्ने बारे सुसूचित रूपमा छनोट गर्ने अवसर सम्भव बनायो ।

१२ अप्रील २०२२ मा जवाफदेहिता संयन्त्र सचिवले कार्यकारी निर्देशकहरू, इन्स्पेक्सन प्यानल र बैंक व्यवस्थापनलाई जानकारी गराएका थिए कि जवाफदेहिता संयन्त्र प्रस्तावनाको अनुच्छेद ११(ख) र प्यानल प्रस्तावनाको अनुच्छेद ३१ अनुसार, पक्षहरू स्वेच्छिक रूपमा विवाद समाधानमा जान चाहेका छन् (विवाद समाधानमा जाने सहमतिको सूचना) । विवाद समाधान चरणको शुरुवात १२ अप्रील २०२२ मा भयो । यसको प्रक्रिया डीआरएस अन्तरिम कार्यसञ्चालन विधि (१३ अक्टोबर २०२१) अनुसार सञ्चालन भयो ।

### २. स्थलगत भ्रमणहरू, सञ्चार तथा संलग्नता

विश्वास निर्माण मुख्य तत्वका रूपमा रहने स्वैच्छिक विवाद समाधान प्रक्रियाको प्रकृतिका कारण, प्रत्यक्ष भेटघाट मार्फत्को संलग्नता महत्वपूर्ण हुन्छ । यसकारण, डीआरएसले विवाद समाधान प्रक्रियाभरी पटकपटक स्थलगत भ्रमण यात्रा गरेको थियो । यो प्रक्रियालाई वाशिंङ्टन डीसीमा अवस्थित डीआरएसको मूल टोलीद्वारा व्यवस्थापन गरिनुका साथै, नेपालमा मेलमिलाप सञ्चालन गर्न मेलमिलापकर्ता, परामर्शदाता र अन्य कर्मचारीहरूसँग उनीहरू प्रायजसो सँगै जान्थे ।

६ मार्च २०२२ देखि ११ अप्रिल २०२३ सम्ममा (विवाद समाधान निर्णय चरण र विवाद समाधानको चरण दुवै समेत), अन्तर्राष्ट्रिय टोलीले नेपालमा १५ पटक स्थलगत भ्रमण गरेका थिए, जसमा व्यक्तिगत अन्तर्राष्ट्रिय कर्मचारीको स्थलगत भ्रमणको संख्या ३५ थियो भने, भाषा अनुवाद जस्ता अत्यावश्यक सेवाहरू स्थानीय सहयोगी कर्मचारीहरूद्वारा

प्रदान गरिएका थिए । यी स्थलगत भ्रमणका साथसाथै नियमित अनलाइन बैठक र सञ्चार-सम्पर्कहरू पनि गरिएका थिए, जसले गर्दा पक्षहरू र अन्य सरोकारवालाहरूसँग सञ्चारको निरन्तरता कायम राखिएको थियो ।

## ३. प्रक्रिया

मेलमिलापकर्ता टोलीको छनोट तथा नियुक्तिबाट विवाद समाधान प्रक्रिया शुरु भएको थियो । प्रस्तावित मेलमिलापकर्ताका योग्यता र अनुभवको मूल्याङ्कन तथा अन्तरवार्ता पक्षहरूले नै गरेर प्रस्तावित मेलमिलापकर्तालाई स्वीकार वा अस्वीकार गर्नसक्ने गरी, डीआरएस र पक्षहरू बीच भएको एक विस्तृत परामर्श प्रक्रियामार्फत् अपर्णा मुखर्जी र शहरीयार सादत (स्वीकृति लिएर नाम उल्लेख गरिएको) सहित दुईजनाको सह-मेलमिलाप टोलीका लागि पक्षहरू सहमत भएका थिए । थप परामर्शदाताहरूले भाषा अनुवाद र बन्दोबस्ती सम्बन्धी सहयोग उपलब्ध गराएका थिए ।

त्यसपछि पक्षहरूले विवाद समाधानको ढाँचा (फ्रेमवर्क)मा वार्ता र सहमति पश्चात् अङ्ग्रेजी र नेपाली दुवै भाषामा हस्ताक्षर गरेका थिए, जसले विवादका पक्षहरू; मेलमिलापकर्ताहरूको चयन; प्रतिनिधित्व; सल्लाहकार र विशेषज्ञहरूको सहभागिता बारे सम्झौता; पर्यवेक्षकको उपस्थितिका लागि अनुमति; उद्देश्यहरू; र विवाद समाधान प्रक्रियाभरी पालना गर्नुपर्ने आधारभूत नियमहरू जस्ता कुरा निर्धारण गरेको थियो । विश्वासको वातावरण सिर्जना गर्न र खुला छलफललाई सहज बनाउन पक्षहरू, सरोकारवालाहरू, सल्लाहकारहरू र पर्यवेक्षकहरूले गोपनीयताको सिद्धान्त पालना गर्न सहमत भएका थिए । विवाद समाधान प्रक्रियाको क्रममा पक्षहरूले बाँडेका कुनै पनि जानकारी खुलासा नगर्न पनि डीआरएसले सहमति जनाएको थियो ।

मेलमिलापकर्ताहरूले विभिन्न सवाल र दृष्टिकोणहरू बुझ्न र विश्वास तथा सम्बन्ध निर्माण गर्न पक्षहरू र अन्य सरोकारवालाहरूसँग छुट्टाछुट्टै बैठकहरू गरेर मेलमिलापको शुरुवात भयो । मेलमिलापकर्ताहरूले पक्षहरूका लागि क्षमता विकासका अनौपचारिक सत्रहरू पनि सञ्चालन गरे । प्रक्रियामा विश्वास बढ्दै जाँदा र पक्षहरूबीचको सञ्चार र विश्वासमा सुधार भएपछि मेलमिलापकर्ता टोलीको सहजीकरणमा संयुक्त बैठकहरूमा आयोजना गरिएको थियो । सम्पूर्ण प्रक्रियाभरी, मेलमिलापकर्ताहरूले प्रत्येक पक्षलाई ध्यानपूर्वक सुनेर उनीहरूको लक्ष्य, प्राथमिकता र आधारभूत आवश्यकताहरू बुझ्ने प्रयास गरेका थिए । उनीहरूले पक्षहरूलाई वार्ताका रणनीति र सम्भावित परिदृश्यबारे योजना बनाउन, सान्दर्भिक तथ्याङ्क र सूचना सङ्कलन तथा आदानप्रदान गर्न, एकअर्का प्रतिको बुझाइ र एकअर्काका कुरा सुन्ने र सञ्चार गर्ने तरिकामा सुधार ल्याउन, प्रस्ताव र प्रतिप्रस्तावहरू तयार गर्न, सम्भावित समाधानका लागि विकल्पहरू विकास गर्न, विकल्पहरूको लेखाजोखा गर्न, र अन्ततः उनीहरूको लिखित सम्झौताको मस्यौदा तयार गर्नमा मद्दत गरेका थिए । पक्षहरूले ११ अप्रिल २०२३ मा नेपाली र अंग्रेजी दुवै भाषामा पारस्परिक प्रतिबद्धताहरू सहित अनुसूची समेत समावेश भएको विवाद समाधान सम्झौतामा हस्ताक्षर गरे । सम्झौता कार्यान्वयनमा भूमिका रहने अन्य सरोकारवालाहरू भने साक्षीका रूपमा रहेका थिए ।

## ४. बैंक व्यवस्थापनको भूमिका

जावफदेहिता संयन्त्र प्रस्तावना र डीआरएस अन्तरिम कार्यसञ्चालन विधिमा भएको व्यवस्था अनुसार, यस प्रक्रियामा बैंक व्यवस्थापनलाई पर्यवेक्षकका रूपमा आमन्त्रण गर्न सकिने विकल्पका बारेमा पक्षहरूलाई जानकारी गराइएको थियो । पक्षहरूले संयुक्त रूपमा यस विकल्पलाई रोज्ने निर्णय गरे, र त्यसपछि डीआरएसको निमन्त्रणामा बैंक व्यवस्थापनले यस आमन्त्रणलाई स्वीकारेर उपयुक्त महत्वपूर्ण क्षणहरूमा पर्यवेक्षकका रूपमा संलग्न भएको थियो । जवाफदेहिता संयन्त्र प्रस्तावनाको अनुच्छेद १४ ले बैंक व्यवस्थापनलाई पनि गोपनियता कायम गर्न बाध्यकारी बनाउँछ ।
जवाफदेहिता संयन्त्र प्रस्तावनाको अनुच्छेद १५ले व्यवस्था गरे अनुसार, बैंक व्यवस्थापनले आवश्यक परेका अवस्थामा परियोजनासँग सम्बन्धित जानकारीहरू उपलब्ध गराएको थियो, साथै डीआरएसको स्थलगत भ्रमणलाई सहजीकरण

पनि गरेको थियो । डीआरएस प्रक्रियाभरी नै बैंक व्यवस्थापनबाट यो प्रक्रिया स्वतन्त्र रहेको कुरालाई सुनिश्चित गरिएको थियो ।
बैंक व्यवस्थापनले नेपाली राजनीतिक तथा सांस्कृतिक परिवेश, यस आयोजनाको प्राविधिक पक्षहरू, र बैंकको सुपरिवेक्षणसम्बन्धी भूमिकाबारे बुझाइ बढाउनमा डीआरएस र जवाफदेहिता संयन्त्र सचिवलाई सहयोग गरेको थियो ।

## ५. विवाद समाधान प्रक्रियाको समापन

निर्धारित अवधिभित्र नै, ११ अप्रीलमा पक्षहरू सहमतिमा पुगे र डीआरएस अन्तरिम कार्यसञ्चालन विधिको अनुच्छेद १६.१ अनुरूप हुनेगरी, उनीहरूले विवाद समाधान सम्झौतामा हस्ताक्षर गरे ।

डीआरएस अन्तरिम कार्यसञ्चालन विधिको अनुच्छेद १२.२ अनुसार, यससँगै विवाद समाधान प्रक्रियाको समापन भएको छ । यो प्रक्रिया ठ्याक्कै एक वर्षको थियो र समयावधि थप गर्नुपर्ने दिनभन्दा अघिल्लो दिन अर्थात् अन्तिम दिनसम्म महिनौं देखि निरन्तर भइरहेको गहन छलफलपछि सहमतिमा पुगेको थियो ।

जवाफदेहिता संयन्त्र प्रस्तावनाको अनुच्छेद १५(क) को व्यवस्था अनुसार, पक्षहरूले आफ्नो सम्झौतालाई गोप्य राख्ने विकल्प रोजेका छन् । मेलमिलापको प्रक्रियामा संलग्न भएका पर्यवेक्षकहरू र पक्षहरूका सल्लाहकारहरूले पनि गोपनियताको सम्मान गरेका छन् । डीआरएस अन्तरिम कार्यसञ्चालन विधिको अनुच्छेद १३ अनुसार, तसर्थ उक्त सम्झौतालाई जवाफदेहिता संयन्त्रले गोप्य नै राख्नेछ, र त्यसलाई प्रकाशित गरिने छैन ।

ऋणीका तर्फबाट नेपाल विद्युत प्राधिकरणले तोकेका वरिष्ठ प्रतिनिधिहरूले उक्त सम्झौतामा हस्ताक्षर गरेका थिए ।

निवेदकहरूको तर्फबाट, निवेदनमा ४९ जनाले हस्ताक्षर गरेको प्यानलले दर्ता गरेको छ । एउटा नाम दुईपटक उल्लेख भएको थियो, जसले गर्दा निवेदकको संख्या ४८ हुन आउँछ । निवेदनमा भएका ४८ जना हस्ताक्षरकर्ताहरू मध्ये, ३३ जनाले विवाद समाधान सम्झौतामा हस्ताक्षर गरेका छन् । चार जना यस प्रक्रियामा सहभागी भएनन् किनभने उनीहरूले पहिले नै क्षतिपूर्ति प्राप्त गरिसकेका थिए । दुई जना विदेशमा रहेका हुनाले सहभागी भएनन् र हस्ताक्षर गरेनन् । एउटै परिवारका सदस्य र निवेदनमा हस्ताक्षरकर्ता रहेका नौ जनाले यस प्रक्रिया छोड्ने निर्णय गरे र सम्झौतामा हस्ताक्षर गरेनन् । त्यस अतिरिक्त, समुदायका ३० जना थप सदस्यहरूले यस प्रक्रियामा भाग लिए र सम्झौतामा हस्ताक्षर गरे । अन्त्यमा, समुदायबाट ६३ जना व्यक्तिहरू हस्ताक्षरकर्ता भए ।

## ६. कार्यान्वयन तथा फलो-अप (नियमित जानकारी लिने)

डीआरएस अन्तरिम कार्यसञ्चालन विधिको अनुच्छेद १७ अनुरूप हुनेगरी, कार्यान्वयन तथा फलो-अपको प्रावधानमा पनि पक्षहरू सहमत भएका छन् । त्यसको विधि तथा अन्य विवरणबारे पक्षहरूसँग परामर्श भइरहेको छ ।

वाशिङ्गटन डिसी, २० अप्रील २०२३